दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक ३१५ | बुटवल | २०८१ मंसिर ०७, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday Nov.22, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## नेपाल एअरलाइन्सको भाडा घट्यो

बुटवल । नेपाल वायु सेवा निगम (नेपाल एअरलाइन्स) ले अन्तर्राष्ट्रिय भाडादरमा छुट दिने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट निर्देशन भएअनुसार अन्तर्राष्ट्रिय गन्तव्यको भाडादरमा छुट उपलब्ध गराएको निगमका प्रवक्ता रमेश पौडेलले जानकारी दिए ।

त्यसअनुसार दिल्ली, मुम्बई र बैङ्गलोर गन्तव्यको भाडादरमा दुई हजार पाँच सयसम्म तथा दोहा, दुबई, दमाम, क्वालालम्पुर, हङकङ, बैंकक र नारिताका लागि पाँच हजार रुपैयाँसम्म छुट उपलब्ध गराउने निगमले बिहीबार निकालेको विज्ञप्तिमा उल्लेख छ ।

अहिले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मर्मत र विस्तारका लागि दैनिक १० घण्टा बन्द हुँदै आएको छ । विभिन्न वायु सेवाको हवाई उडान कटौती भएका छन् । यही मौका छोपेर हवाई भाडा अत्यधिक बढेको गुनासो छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री बद्री पाण्डेले अन्तर्राष्ट्रिय उडान भर्ने हवाई कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन यसअघि निर्देशनसमेत दिइसकेका छन् ।

## शुल्क विवरण सार्वजनिक गर्न निर्देशन

बुटवल । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आफ्नो सेवा शुल्क सार्वजनिक गर्न निजी मेडिकल कलेज तथा सरकारी अस्पताललाई निर्देशन दिएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले चासो देखाएपछि मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखाले शुल्क विवरण सार्वजनिक गर्न मेडिकल कलेज र सरकारी अस्पताललाई परिपत्र गरेको हो । तोकिएको भन्दा बढी शुल्क लिएको गुनासो सुनिएपछि स्वास्थ्यमन्त्री पौडेलले सबैले थाहा पाउने गरी शुल्क विवरण राख्ने व्यवस्था मिलाउन भनेका थिए ।

मन्त्रालयले पठाएको पत्रमा आफ्ना स्वास्थ्य सेवामा लाग्ने शुल्कको विवरण वेबसाइटमा राख्न तथा सेवाग्राहीले सहज रूपमा जानकारी पाउने व्यवस्था गर्न भनेको छ । मन्त्रालयले पठाएको पत्रमा शल्यक्रिया शुल्क खुलाउन भनिएको छ । यसैगरी, सबै खालका शैयाको शुल्क विवरण, रेडियोलोजी सेवा तथा ल्याबको शुल्क विवरणसमेत खुलाउन भनिएको छ ।

यसैगरी, टिकटसहितका अरु सेवाको विवरणसमेत खुलाएर सेवाग्राहीलाई जानकारी गराउन मन्त्रालयले पत्राचार गरेको छ । 'मन्त्रालयको परिपत्रपछि विवरण सार्वजनिक भए/नभएको अनुगमन गर्ने तयारी गरेको छ । पहिलो चरणमा अनुगमन गरिनेछ,' प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने-'बढी लिएको वा शुल्क सार्वजनिक नगरेको पाइए नियम अनुसार कारबाही हुनेछ ।'

## साद बिन जफर लुम्बिनी लायन्सबाट खेल्ने



बुटवल । क्यानडियन क्रिकेट आइकन साद बिन जफर नेपाल प्रिमियर लिग २०२४ का लागि लुम्बिनी लायन्ससँग आबद्ध भएका छन् । सन् २०२४ को टी-२० विश्वकपमा क्यानडाको कप्तानी गरेर इतिहास बनाएका जफरले आफ्नो अन्तर्राष्ट्रिय अनुभव र नेतृत्व क्षमतासहित लुम्बिनी लायन्सलाई थप मजबुत बनाउने विश्वास गरेका छन् । पाकिस्तानमा जन्मिएका क्यानडियन क्रिकेटर जफरले सन् २००८ मा क्यानडाको फस्ट क्लास क्रिकेटमा डेब्यु गरेका थिए । उनले राष्ट्रिय टोलीका लागि सबै फर्म्याटमा निरन्तर प्रतिनिधित्व गरेका छन् । बायाँ हाते स्पिन र ब्याटिङले मैदानमा बलियो उपस्थिति दिलाउँदै आएका जफरले क्यारेबियन प्रिमियर लिग (सीपीएल)मा सेन्ट लुसिया जोक्सको तर्फबाट खेल्दै अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिभा प्रस्तुत गरेका छन् ।

जफरले क्रिकेट इतिहासमा एउटा बेग्लैस्थान राखेका छन् । टी-२० अन्तर्राष्ट्रिय खेलमा चार ओभरको बलिङ स्पेलमा एक रन पनि नदिई कीर्तिमान बनाउने उनी पहिलो खेलाडी हुन् । नोभेम्बर २०२१ मा भएको पानामाविरुद्धको उक्त खेलमा उनले चार ओभरमा दुई विकेट लिएर ४-४-०-२ को कीर्तिमानी प्रदर्शन गरेका थिए, जुन उपलब्धि आजसम्म पनि कायम छ ।

लुम्बिनी लायन्सका लागि एनपीएल २०२४ मा आबद्ध भएपछि जफरले आफ्नो उत्साह व्यक्त गर्दै भने-"म नेपाल प्रिमियर लिगका लागि लुम्बिनी लायन्ससँग आबद्ध हुन पाउँदा अत्यन्तै उत्साहित छु । मैले अहिलेसम्म प्राप्त गरेको अनुभवले लुम्बिनी लायन्स तथा समग्र नेपाली क्रिकेटमा महत्त्वपूर्ण योगदान पुऱ्याउन चाहन्छु ।"

लुम्बिनी लायन्सका अध्यक्ष ईश्वर जिसीले आगामी सिजनका लागि जफरलाई टिममा समावेश गर्न पाउँदा खुसी लागेको बताए । उनले भने-"साद बिन जफरजस्तो अन्तर्राष्ट्रिय ट्यालेन्टलाई हाम्रो टिमको हिस्सा बनाउन पाउँदा हामी निकै हर्षित छौं । उहाँको अलराउन्ड क्षमता र कप्तानीबाट प्राप्त अनुभवले हाम्रो टोलीलाई अझ बलियो बनाउनेमा हामी विश्वस्त छौं ।"

जफर लुम्बिनी लायन्समा आबद्ध भएसँगै नेपाल प्रिमियर लिग २०२४ अझ रोमाञ्चक हुने भएको छ । एनपीएल यही मंसिर १५ गतेबाट सुरु हुँदैछ । लुम्बिनी लायन्सको पहिलो खेल मंसिर १९ गते विराटनगर किङ्ससँग हुनेछ ।

# पर्यावरण जोगाउन खोलामा भुरा



**लुम्बिनी संवाददाता**

*बुटवल*

पानीमा बस्ने जलीय जीव र जलचरहरुको उपस्थितिले पानी तथा समग्र पर्यावरण जोगाउन निकै मद्दत गर्ने भए पनि पछिल्लो समय भइरहेका विभिन्न औद्योगिक गतिविधि तथा अत्याधिक दोहनले यी जलचरहरु समस्यामा पर्न थालेका छन् । मानव इतिहासमा सबैभन्दा पहिला नदी आसपासकै बस्तीबाट मानव सभ्यता विकास भएको पाइन्छ । बोटे, माझी, मुसहर, थारु, कुमाल, दराई जस्ता समुदाय प्रायः नदीमै आश्रित भएर जीवन निर्वाह गर्ने गरेका छन् ।

खोलामा पाइने जलचरले पर्यावरणीय सुन्दरता त जोगाउँछ नै यी समुदायहरुको रोजिरोटी समेत बचाउँदै आएको छ । तर, अहिले यही नदी आसपास बसोबास गर्ने, नदीमै आश्रित भएर पुस्तौदेखि जीविकोपार्जन गर्दै आएका समुदायलाई सबैपक्षले पछिल्लो समय बेवास्ता गर्दै आएको छ ।

माछा मानिसका लागि स्वास्थ्यबर्दक र फलदायी खाद्य हो भने कतिपय समुदायको लागि आम्दानीको स्रोत । तर माछाको बासस्थान मानिने खोला, नाला, पोखरी, ताल तलैयाहरुमा संरक्षणको अभाव, अत्याधिक दोहन तथा बाढी पहिरोका कारणले माछा मारेर जीविको पार्जन गर्ने समुदायलाई समस्या परेको छ भने जलीय जीवहरुको संख्या पनि घट्दै गइरहेको छ । अझ बजार र कलकारखानाबाट निस्किने रासायनिक र प्लाष्टिकजन्य फोहोर सिधै खोलामा मिसाइएको छ ।

यसले जलचरको जीवन चक्रमा समस्या निम्त्याउँछ । बजारबाट निस्कने ढलको दुषित पानी समेत सिधैँ खोलामा मिसाउन नहुने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दका निर्देशक दिपक भुषालले बताए । जसले गर्दा जलचरको प्राकृतिक वृद्धिविकास हुनसक्दैन भने प्रजनन् कार्यमा समेत असर पार्छ ।

प्रदुषित पानीमा हुर्किएको माछाको सेवनले मानिसको स्वस्थ्यमा पनि असर गर्ने विज्ञहरुले बताएका छन् । मत्स्य क्षेत्रमा लगानी वृद्धि, खाद्य सुरक्षा, दिगो विकास र समृद्धि भन्ने नाराका साथ बिहीबार विश्व मत्स्य दिवस मनाइएको हो । जलीय जैविक विविधताको धनी देश नेपालमा २५२ प्रजातिका माछा पाइन्छन्, जसमध्ये १६ प्रजातिका माछाहरु नेपालमा मात्रै पाइने रैथाने माछा हुन् । वातावरण संरक्षण ऐनले वातावरणलाई असर गर्ने कुनै पनि क्रियाकलाप गर्न रोक लगाएको छ । तर कार्यान्वयन हुन नसक्दा कतिपय जलीय जीवहरु संकटापन्न अवस्थामा पुगेका छन् । यसैबिच विश्व मत्स्य दिवसको अवसर पारेर देशभर नै नदी तथा तलाउहरुमा माछाका भुराहरु छाड्ने काम भएको छ ।

**रूपन्देहीमा १० हजार भुरा छाडियो**

विश्व मत्स्य दिवसको अवसर पारेर रुपन्देहीको सैनामैनामा रहेको लेडुवा तालमा दश हजार माछाका भुरा राखिएको छ । १२ बिघा क्षेत्रफलमा फैलिएको यो तालमा सैनामैना नगरपालिका र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले तालको संरक्षण गर्दै माछाका दश हजार भुरा राखेको हो ।

विगतमा यो तालको संरक्षण हुन नसक्दा यहाँका जलीय जीव र जलचरको वासस्थान र वृद्धिविकासमा समस्या परेको थियो । तर अहिले भने सैनामैना नगरपालिकाले संरक्षण गरिरहेको छ । विगतका वर्षहरुमा मत्स्य दिवसको अवसरमा खोलाहरुमा भुरा राख्ने गरेको भएता पनि यस वर्ष भने परिमार्जन गर्दै यस तालमा भुराहरु राखिएको हो । कार्यक्रममा बोल्दै सैनामैना नगरपालिकाका नगरप्रमुख फणेन्द्रप्रसाद शर्माले तालको संरक्षण र भुराहरुको हेरचाह गर्न स्थानीयहरुलाई आग्रह गरेका छन् । भैरहवास्थित डण्डा खोलामा पनि माछासँग सम्बन्धित सरकारी कार्यालयहरुले दश हजार माछाका भुरा राखेका छन् ।

**नारायणी नदीमा ६ हजार भुरा छाडियो**

विश्व मत्स्य दिवसको अवसर पारेर कावासोती १७ अमलटारीबाट नारायणी नदीमा ६ हजार भुरा माछा छाडिएको हो । नारायणी नदीमा पछिल्लो समय माछाको संख्या लोप हुँदै गएको बताइन्छ । नारायणी नदीमा नदीको प्राकृतिक वातावरणलाई स्थायी राख्नका लागि माछाको भुरा छाडिएको मत्स्य व्यवसायी संघ नवलपुरका सचिव इन्द्रमणि भुसालले बताए । नारायणी नदीमा बेलाबेलामा माछा, घडियाल गोही, कछुवा छाड्ने गरिन्छ । गत वर्ष पनि यहाँ मत्स्य दिवसकै दिन पारेर माछा छाडिएको थियो । भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरको आयोजनामा बिहीबार माछा छाडिएको हो । नारायणी नदीमा माछा मारेर जीविकोपार्जनमा सहयोग पुगोस् भन्ने उद्देश्यले नारायणी नदीमा माछाको भुरा छाडिएको हो ।

नवलपुरमै उत्पादन भएका माछाका भुरा नारायणी नदीमा छाडिएको भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपुरका कार्यालय प्रमुख डा. शर्मिला कुमालले बताइन । उनका अनुसार यहाँ छाडिएका एउटा माछाले एक पटकमा ३ लाखसम्म माछाका भुरा जन्माउन सक्ने भएकोले केही माछा मात्रै हुर्कन सक्यो भने पनि उपलब्धिमूलक हुनेछ ।

नारायणी नदी चितवन राष्ट्रिय निकुञ्जमा रहेका गैंडा, बाघ, भालु, हात्ती जस्ता जंगली जनावरका साथै यहाँ आउने लाखौं चराचुरुङ्गीको पानीको स्रोत पनि हो । त्यसैले नारायणी नदीलाई पुरानै अवस्थामा फर्काउन नसके पनि यहाँ रहेका जलचरहरुलाई संरक्षण गर्नु आवश्यक रहेको अधिकारकर्मीहरु बताउँछन् ।

## बुटवल - गोरूसिंगे सडक मर्मत गर्दा नागरिकलाई सास्ती नदिन लुम्बिनी सरकारको निर्देशन




दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले बुटवल-गोरुसिंगे-चन्द्रौटा चारलेन सडक विस्तार गर्दा नागरिकलाई सास्ती नहुनेगरी अघि बढाउन निर्देशन दिएका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय राप्ती उपत्यका देउखुरीमा विश्व बैंकका सिनियर ट्रान्सपोर्ट विज्ञ आमले राजापाक्षेको नेतृत्वमा रहेको प्रतिनिधि मण्डलसँगको भेटको क्रममा मुख्यमन्त्री आचार्यले सडकको दुवै किनारको काम सकेर मात्रै कालोपत्रे उप्काएर काम अघि बढाउन निर्देशन दिएका हुन् ।

३४ अर्ब रुपैयाँ लगानीमा बुटवल-गोरुसिंगे-चन्द्रौटा सडक बिस्तार हुँदैछ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत रुपन्देहीको बुटवलदेखि कपिलवस्तुको चन्द्रौटासम्मको ६९ किलोमिटर सडक क्षेत्र छ । उक्त २ लेनको सडक अब ४ लेनको बन्ने छ । एक सय किलोमिटर प्रतिघण्टाको गतिमा सवारीसाधन गुड्न सक्ने गरी बनाउन लागेको सडक आधुनिक र वातावरणमैत्री जानकारी गराइएको छ । यो सडक बुटवलबाट चन्द्रौटाहुँदै नेपाल-भारत कृष्णनगर भन्सार र लुम्बिनी प्रदेशको राजधानी दाङ देउखुरीसँग जोडिन्छ ।

राजधानी क्षेत्रमा सहज पहुँचका लागि यो सडक खण्डले महत्वपूर्ण योगदान पुऱ्याउने छ । यो सडक क्षेत्रभित्र पर्ने १० किलोमिटरको कोरिडोरलाई हरित क्षेत्रको रुपमा विकास गर्ने योजना प्रस्ताव अघि बढाएको वन तथा वातावरण मन्त्रालयका सचिव मोहनराज काफ्लेले जानकारी दिए ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## चिसोमा त्रिपालमुनिको बास

चिसो मौसम सुरु भयो, यो बेला न्यायो ओतको आवशयक पर्छ । गत वर्ष जाजरकोट भूकम्पबाट घर भत्केकाहरुले अझैं घर बनाउन सकेका छैनन् । गत असोज ११ र १२ गतेको बाढी, पहिरो र डुबानबाट घरबास गुमाएकाहरूले अझैं अस्थायी आवासका लागि सहयोग रकम पाउन सकेका छैनन् ।

आपत विपतमा परेका नागरिकलाई उद्दार र राहत उपलब्ध गराउने काम राज्यको हो । उद्दार र राहतको प्रबन्ध गर्न एकातिर सरकार चुकेको छ, अर्कोतिर स्थायी आवास बनाउन पनि जिम्मेवार बन्न सकेको छैन । त्यसो त यो सरकार आइसकेपछि भूकम्प प्रभावित परिवारको लागि आवासका लागि रकम उपलब्ध गराउने निर्णय भइसकेको छ । २०७२ सालमा गएको भूकम्पका बेला राष्ट्रिय पुनः निर्माण प्राधिकरण गठन गरी सरकारले उनीहरुको घर बनाउन पहलकदमी लिएको थियो । प्राधिकरणको सक्रियता र पहलकदमीले प्रभावितको घर बनेका थिए । प्राधिकरणको त्यो कामबाट सिकेर जाजरकोट भूकम्प प्रभावितको घर बनाउन सक्नुपर्दथ्यो । तर, ढिलाइ भयो । गत वर्षको चिसो खेपेका बासिन्दाले यो वर्षको चिसो पनि खेप्दैछन् ।

असोजको बाढी पहिरो प्रभावितले सामान्य राहत त पाएका छन्, तर ओत पाउन सकेका छैनन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार बाढी, पहिरोबाट झन्डै १८ हजार घरमा क्षति भएको थियो । त्यसमध्ये करिब साढे ५ हजार घरहरू पूर्णरूपमा क्षति भएको र करिब साढे १२ हजार घरमा आंशिक क्षति भएको तथ्यांक छ । अहिलेसम्म २६० घरपरिवारले मात्रै अस्थायी आवास बनाउन सहयोग रकम पाउनुले समस्या कहाँनेर छ भन्ने प्रश्न उठेको छ । सरकारले विपद् प्रभावितलाई अस्थायी आवासका लागि ५० हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था छ । दुई किस्तामा २५-२५ हजार रुपैयाँ दिने सरकारी नियम छ । यस्तो रकम स्थानीय तहहरूमार्फत् नै पीडितको बैंक खातामा पठाउनुपर्ने हो ।

बाढी, पहिरो तथा डुबानबाट प्रभावित ७१ स्थानीय तहलाई राहत रकम उपलब्ध गराउने निर्णय कार्तिक पहिलो साता भइसकेको छ, तर पैसा उपलब्ध भएको छैन । पैसा उपलब्ध हुन नसक्नुको कारण संघीय सरकारको मात्रै कमजोरी होइन्, स्थानीय तहले क्षतिको तथ्याङ्क संकलन गरी पठाउन ढिलाइ गर्दाले पनि समस्या भएको हो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अधिकारीहरुले तोकिएका फारम भरेर स्थानीय तहले प्राधिकरणको प्रणालीमा राखेपछि प्राधिकरणले अस्थायी आवासको पहिलो किस्ताको रकम निकासा गर्ने बताएकाले स्थानीय तह तथ्याङ्क संकलन र व्यवस्थापनमा किन ढिलाइ गरिरहेका छन् ? तहगत सरकारसँग नागरिकको छिटो छरितो कामको अपेक्षा छ । तहगत सरकारबिचको समन्वयबाट नै काम छिटो छरितो हुनसक्छ ।

तहगत सरकारबिचको समन्वयले पैसा उपलब्ध भयो भने जाडोयाममा पीडितको त्रिपालमुनिको बास छोटिनसक्छ । संघीय सरकारका अधिकारीहरु स्थानीय तहले तथ्याङ्क संकलन र व्यवस्थापनमा ध्यान दिएर नागरिकको त्रिपालमुनीको बास अन्त्य गर्न जाँगर नदेखाएको बताइरहनुले स्थानीय तह र संघीय सरकारबिच केही मतभेद छन् भन्ने प्रष्ट भएको छ । संघीय सरकार स्थानीय तहले गरेनन् भन्ने जवाफ दिएर उम्कन पाउँदैन् । स्थानीय र प्रदेशले काम नगर्दा समेत त्यसको अपजस पाउने संघीय सरकारले नै हो । सरकारको माउ सरकार भएकाले तहगत सरकारको संयोजन गर्ने र समस्या समाधानको प्रयास गर्ने संघीय सरकारले नै हो । तसर्थ संघीय सरकार प्रदेश र स्थानीय तहलाई तेर्‍याएर उम्कन पाउँदैन् ।

# प्रधानमन्त्री ओलीको चीन भ्रमण



विनबहादुर कुँवर

*ओलीका पनि थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय गलत कामहरु पनि छन् । विगतको महाकाली सन्धि सम्झौतामा उनले देखाएको राष्ट्रघाती कदम त्यस्तै एमसीसी सदनबाट पारित गराउनमा उनको भूमिका आदि थुप्रै राष्ट्रघाती उदाहरणहरु छन् । हुन त यो राज्य सत्ताको स्वरुप नै त्यस्तै सामन्ती दलाल र नोकरशाही बुर्जुवा प्रकारकै भएकाले यसलाई स्वीकार गरी यहाँ जो आए पनि हुने राष्ट्रघाती र दलाल नै हुने हो। अलि फरक त्यति छ कि प्रचण्ड जस्तो खुलम्खुला राष्ट्रघाती र विदेशी दलाल हुने कि नहुने भन्ने मात्रै हो।*

प्रधानमन्त्री केपी ओलीको आसन्न चीन भ्रमणलाई लिएर देशभित्र र बाहिर विभिन्न खाले टीका टिप्पणी र चर्चा परिचर्चा हुन थालेको छ । चीन नेपालको उत्तरी छिमेकी मुलुक हो । त्यस्तै भारत नेपालको दक्षिणी छिमेकी मुलुक हो । यी दुई मुलुकबीच नेपालको परापूर्वकालदेखि सम्बन्ध रहँदै आएको छ । भूगोल र आकार अनि आर्थिक र शक्तिले चीन-भारत नेपालभन्दा ठूला सम्पन्न र शक्तिशाली भए पनि देशको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमिकता अनि स्वाधीनता र स्वाभिमानताको हरहिसाबले नेपाल उनीहरु समान नै छ । तर बेला मौकामा नेपालप्रतिको यो दृष्टिकोण यी दुई छिमेकी मुलुक खासगरी भारतले राखेको पाइँदैन । त्यसैले गर्दा भारतप्रति आम देशभक्त र स्वाभिमान नेपाली जनताले अलि भय र सशंकित रुपले हेर्ने र बुझ्ने गरेको पाइन्छ । हुन पनि भारतले नेपालको राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक आदि सबैमा प्रत्यक्ष वा अप्रत्यक्ष हस्तक्षेप गर्दै आएको छ । नेपालको सीमा अतिक्रमण साथै कैयौं भू-भाग नै भारतले कब्जा गर्दै आएको छ । यसै क्रममा नेपाली जनता चीनसितभन्दा अलि बढी भारतसित चिडिँदै आएका छन् । यस अर्थमा कुनै प्रधानमन्त्री वा नेताको भारत भ्रमणप्रति नेपाली जनता अलि बढी ससंकित हुनु स्वाभाविक छ । तर चीन भ्रमणमा भन्ने त्यस्तो देखिंदैन ।

तै पनि आसन्न प्रम ओलीको यही मंसिर १७ देखिको चीन भ्रमणलाई लिएर कतिपयले विभिन्न खाले नकारात्मक टीका टिप्पणी गर्ने गरेको पाइँदैछ । यस्तो बढी पहिले पहिले नेपाली कांग्रेसबाट हुने गर्दथ्यो । तर यसपालि भने यस्तो टीका टिप्पणी बढी एमाओवादी पार्टीबाट हुने गरेको छ । हालै भारतबाट प्रकाशित द हिन्दु भन्ने पत्रिकामार्फत् एमाओवादी अध्यक्ष प्रचण्डले प्रम ओलीको चीन भ्रमणलाई भारत विरोधी चिनियाँ कार्डको रुपमा अर्थाउँदै भारतलाई उचाल्ने काम गरिरहेका छन् । पहिले पहिले यस्ता चिनियाँ भ्रमणहरुलाई भारतीय विभिन्न मिडिया र भारतीय नेताहरुले यस्तै आरोप-प्रत्यारोप लगाउँदै नेपाल र नेपालका नेतताहरुप्रति नकारात्मक टिप्पणी गर्ने गर्दथे । तर यसपालि भने स्वयं नेपाली दल र दल नेताहरु त्यसमा पनि अझ आफूलाई कम्युनिष्ट भन्ने माओवादी पार्टी र नेताहरुबाट नै भएको छ । यसका पछाडिको नियत र कारण के हो ? चर्चा गर्नुपर्ने देखिन्छ ।

बुझ्ने र जान्नेलाई इशारा नै काफी छ । यो हरुवा गोरुको छेरुवा दाउँ हो । पटकपटक कांग्रेस-एमालेलाई कजाई खाईपाई आएका प्रचण्ड अहिले त्यसो गर्न र खान नपाइएकोमा अर्थात् ९० सिटे कांग्रेस ८० सिटे एमालेलाई ३२ सिटे माओवादीले बस उठ गराई सत्तामा रमाउँदै आएकोमा त्यो नपाएपछि यो मुर्छित प्रचण्डको रुवावासी हो । आफू मरे भूतै राजा जसलाई भन्दा र उचाल्दा वा गर्दा यो सरकारलाई पल्टाउन सकिन्छ र फेरि आफू त्यहाँ पुगिन्छ त्यही गर्दैछन्, कमरेड प्रचण्ड । अर्को सौताको रिसले पोइको काखमा पिसाब अर्थात् कांग्रेस-एमाले अझ बढी प्रम ओलीको रिसले नेपाल आमाको काखमा पिसाब गर्ने दुष्कर्म गर्दैछन् प्रचण्डले । त्यो पनि भारतलाई गुहारेर । कठैबरा विचरा ! १० वर्षे माओवादी जनयुद्धका नायक क. प्रचण्डको यो भारतको दलाली र चाकडी ! सयौं होइन हजारौं पटक भारतीय विस्तारवाद-मूर्दावाद भन्दै आएका प्रचण्डको यो कस्तो भारत भक्ति ? कस्तो विडम्बना र अचम्म ?

हुन त अचम्म मान्नुपर्ने केही छैन । भनिन्छ सत्ताले मान्छेलाई अन्धो बनाउँछ । त्यस्तै अन्धो अर्थात् टागन घोडाको जस्तै यो सत्ताले प्रचण्डलाई खाली अघि यस्तै सत्ता देखाई मात्र रहेको छ । के गर्दा र भन्दा खाली त्यो पाइन्छ त्यसैमा सब उनको सुर्ता सपना छ । केही महिना पहिले प्रचण्डले पूर्व राजा ज्ञानेन्द्रलाई गोप्य रुपमा भेटवार्ता गरे । पछि राजाकै दलाल दरबारिया राप्रपाका उपाध्यक्ष रविन्द्र मिश्रसँग त आफ्नो घर आँगनमा नै घण्टौं भेटवार्ता गरे । त्यो भेटवार्ताका पछाडि पनि सत्ता स्वार्थ नै थियो । पूर्व राजा पूर्व पञ्च-मण्डले र दरबारिया सबलाई उचालेर यो कांग्रेस-एमाले सरकारलाई असफल पार्ने अनि आफू राजा, पञ्चे, मण्डलेहरुकै बुई चढेर पुनः यस्तो सत्तामा पुगी छाड्ने दाउ पनि छ प्रचण्डको । तर यो सब गर्दा पनि केही नलागेपछि निराशाका साथ उनले भने अब म र मेरो पार्टी २०८४ को आम निर्वाचनसम्म सरकारमा जाँदैन र प्रतिपक्षमा नै बसी यो सरकारको खबरदारी गरिरहन्छ । आवश्यक परे सडक संघर्ष त्यसले पनि नपुगे आम विद्रोह नै गरिन्छ भन्दै हिंडे ।

भनिन्छ पिंध नभएको लोटा जता गुल्टायो उतै गुल्टिन्छ । ठीक यो नेपालको राजनीतिमा एमाओवादी अध्यक्ष प्रचण्डमा देखिन्छ । कुनै बेला भारतीय विस्तारवादका विरुद्ध 'सुरुङ युद्ध' थालनी गरिएको भन्दै चिनियाँ सहयोगको लागि हारगुहार गर्ने प्रचण्ड अहिले प्रम ओलीको चिनियाँ भ्रमणलाई भारत विरोधी चिनियाँ कार्ड भएको भनिरहेका छन् । घुमाई फिराई भारतीय विस्तारवादको दलाली र चाकडी गरी पुनः सत्तामा फर्कने लालचा उनमा छ । प्रम ओली भारत विरोधी र चीन पक्षधर भएको भारतीय विस्तारवादी शासकहरुलाई चुक्ली लगाएर अब भारतको साथ सहयोगमा पुनः सत्तामा फर्किन्छ भनेर अहिले उनको बोली फेरिएको छ । फेरि ३२ सिटे जादुगरी चमत्कारीको उल्लेख गर्दैछन् । ओली चीन भ्रमणमा जानु प्रचण्डका लागि फलिफाप हुने अनुमान एमाओवादीका प्रचण्ड दलालहरुको पनि छ । हालै मात्र एमाओवादीका प्रवक्ता अग्नि सापकोटाले पनि ओलीको चीन भ्रमणलाई भारत विरोधी चिनियाँ कार्ड भएको बताएका छन् ।

जुनसुकै सरकार प्रमुखको विदेश भ्रमणलाई अन्यथा लिन सकिंदैन । जान्छन् र जानु पर्दछ । त्यसमा पनि अझ आफू छिमेक मुलुकहरुमा जानुलाई स्वाभाविक मानिन्छ । तर त्यस्तो भ्रमण किन र के का लागि ? मुख्य कुरा यो हो । भ्रमणको मूल उद्देश्य र कारण के हो ? पहिले त्यसको खुलासा हुनुपर्दछ । त्यो नभई खाली बधाई लिन र आशीर्वाद थाप्न मात्रै त्यस्तो भ्रमण गर्नु गलत हो । जस्तो यसभन्दा पहिले कमरेड प्रचण्डको भारत भ्रमण खाली गेरु बस्त्र धारण गरी काली मन्दिरको पूँजापाठ गर्नैकै लागि र केही मूर्रा राँगो उपहार लिनकै मात्र भएको थियो । नेपालभारतबिच भएका त्यस्ता कुनै पनि समस्याहरुको बारेमा त्यहाँ केही पनि भएन । मोदीको आशीर्वाद थाप्न मै त्यो सीमित रहयो । नेपाल-भारत सीमा विवाद, कालापानी, लिपुलेक र लिपिम्याधुरा अतिक्रमण, इपिजीको प्रतिवेदन आदिको त्यहाँ कुरै भएन । यी विषय उठाउँदा नेपाल-भारत सम्बन्ध बिग्रने देखिएकाले यी कुरा नउठाइएको प्रचण्डको स्वीकारोक्ति थियो त्यतिबेला । एक प्रकारले यो प्रचण्डको भनाइ भारतीय दलाली र चाकडी र आत्मसमर्पणको पराकाष्ठा थियो । ठीक यस्तै विदेश भ्रमण अब पनि जो कुनै नेपाली शासकहरुले गर्ने गर्दछन् भने त्यो गलत नै हुनेछ । अब हुने भनिएको प्रम ओलीको चीन भ्रमणमा पनि यस्तो नहोस् ।

चीन-नेपालबिच पनि त्यस्ता विभिन्न विषय छन् । बि.आर.आई. चिनियाँ प्रस्ताव हो भने नेपालको पहिलो प्रस्ताव भारत अतिक्रमित लिपुलेक, कालापानी र लिपिम्याधुराको हो जुन क्षेत्र भारत र चीनबिचको नेपाली भूमि हो । त्यसमा चिनियाँहरुले पनि चासो राख्ने ठाउँ हो । नेपालको हितमा हुने दुई पक्षीय सन्धि सम्झौता जस्तो विगतमा भएको ओली भ्रमणले चिनियाँ भू-भाग हुँदै तेस्रो मुलुकलाई अन्तर्राष्ट्रिय व्यापार पारवहनको बाटो खुलाइएको थियो । जसबाट नेपालको भूपरिवेष्टिक अवस्थाको बाँध तोडिको थियो । दुई पक्षीय सहयोग आदान प्रदान जुन दुवैको आपसी हितमा आधारित हुनुपर्दछ । जस्तो अमेरिकी सहयोग परियोजना एमसीसी यसबाट देशको राष्ट्रिय स्वाभिमानमा खतरा पार्ने खालको छ । त्यसै सित्तैमा सहयोग पाइयो भन्दैमा यस्ता परियोजनाहरु देशमा भित्राउँदै जाने हो भने सस्तो बेसाहाले पखला लगाउँछ भने जस्तै पुरै देशलाई नै सखाप पार्ने देखिन्छ । चिनियाँ बि.आर.आई. परियोजनाको विषयलाई पनि यही आधारमा लिनु पर्दछ ।

मूलत नेपालका जुनसुकै शासक र नेताहरुको विदेश भ्रमण खास उद्देश्य र हितका लागि भन्दा पनि बढी आआफ्नो सत्ता स्वार्थमा नै बढी केन्द्रित हुँदै आएको छ । यहाँ ओली ठीक प्रचण्ड-देउवा बेठिक भन्न चाहिँ खोजिएको होइन । केही मात्रात्मक र विषयगत रुपमा प्रचण्ड-देउवाभन्दा ओलीमा सकारात्मक देखिन्छ । खासगरी राष्ट्रियताको मामिलामा जस्तो भारतीय नाकाबन्दी विरुद्ध ओलीको अडान अनि माथि भनिए जस्तै चिनियाँ भू-भाग हुँदै अन्तर्राष्ट्रिय व्यापार तथा पारवहान विस्तार आदि सकारात्मक छन् । तर ओलीका पनि थुप्रै राष्ट्रिय र अन्तर्राष्ट्रिय गलत कामहरु पनि छन् । विगतको महाकाली सन्धि सम्झौतामा उनले देखाएको राष्ट्रघाती कदम त्यस्तै एमसीसी सदनबाट पारित गराउनमा उनको भूमिका आदि थुप्रै राष्ट्रघाती उदाहरणहरु छन् । हुन त यो राज्य सत्ताको स्वरुप नै त्यस्तै सामन्ती दलाल र नोकरशाही बुर्जुवा प्रकारकै भएकाले यसलाई स्वीकार गरी यहाँ जो आए पनि हुने राष्ट्रघाती र दलाल नै हुने हो । अलि फरक त्यति छ कि प्रचण्ड जस्तो खुलम्खुला राष्ट्रघाती र विदेशी दलाल हुने कि नहुने भन्ने मात्रै हो ।

अन्त्यमा भ्रमण आवश्यक विषयको आधारमा गरिन्छ । त्यो पहिले वा पछि जहाँ पनि हुन सक्छ । तर नेपालमा के एउटा भाव्य जबर्जस्ती स्थापित गराउन खोजिएको छ भने त्यो पहिलो भ्रमण भारतमै हुनुपर्ने । यो भारतीय दासता र दलाली हो । यो भारतीय नव औपनिवेशिकपनको उपज हो । यसलाई भारतीय शासक र नेताहरुले मात्रै होइन नेपालकै शासक र नेताहरुले समेत स्वीकार गर्दै आइरहेका छन् । स्वयं १० वर्षे माओवादी जनयुद्धका त्यति ठूला नायक प्रचण्ड पहिलो पटक नेपालको प्रधानमन्त्री बनिसकेपछि त्यो पहिलो विदेश भ्रमण चीनमा गरेका थिए । तर नेपाल फर्केपछि भने त्यसलाई महत्व नदिई भारतकै दलाली गर्दै आफ्नो पहिलो विदेश भ्रमण भारतमै हुने बताए । १२ बुँदे दिल्ली समझदारीकै भारतीय गुन खातिर त्यो भन्न बाध्य पारिए । त्यसैको गुन खातिर प्रचण्ड पटक-पटक प्रधानमन्त्री बनिरहेका छन् । हालै हुने भनिएको प्रम ओलीको चीन भ्रमणलाई प्रचण्डले भारत विरोधी चिनियाँ कार्ड भनेर फेरि भारतलाई त्यो गुन फर्काएका छन् ।

# सेयर बजार ३१ अंकले घट्यो



काठमाडौँ । साताको अन्तिम कारोबार दिन बिहीबार सेयर बजार ३१.३१ अंकले घटेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार बजार परिसूचक १.१५ प्रतिशतले घटेर २६८०.४४ विन्दुमा झरेको हो ।

बजारमा सेयर बजारमा १ करोड ८४ लाख कित्ता सेयर किनबेच भयो । जसबाट ८ अर्ब २५ करोड ७६ लाख रुपैयाँ बराबरको सेयर कारोबार भएको छ ।

बजारमा कारोबार भएका कुल २४४ वटा कम्पनीमध्ये १९७ कम्पनीको सेयर मूल्य घटेको छ भने ४३ वटा कम्पनीको सेयर मूल्य बढेको छ भने चार वटाको मूल्य स्थिर रहेको छ ।

सामुदायिक लघुवित्त र त्रिस्टार हाइड्रोपावरको शेयरमा सकारात्मक सर्किट लागेको छ भने जानकी फाइनान्सको शेयरमा नकारात्मक सर्किट लागेको छ । आज बजारमा रहेका १३ मध्ये सबै उपसमूहको सूचक घट्दा सबैभन्दा धेरै फाइनान्स समूह २.८६ प्रतिशतले घटेको नेप्सेले जनाएको छ ।

# जाडोमा चाया पर्ने समस्याबाट कसरी जोगिने ?

डा. सुयोग मैनाली

चाया पर्ने समस्याले धेरैलाई सताएको हुन्छ । तुलनात्मक रुपमा बढी जाडोयाममा चायाले सताउँछ । किनभने बदलिंदो मौसम र हावाका कारण कपालमा नमी घट्छ । जसकारण टाउको सुक्खा हुन थाल्छ र कपालमा चाया पर्ने समस्या बढ्न सक्छ ।

साथै, जाडोयाममा मालासेजिया नामको फङ्गस पनि धेरै हुन्छ, जसकारण कपालमा चाया पर्ने समस्या हुन्छ । जब सुक्खा र चिसो हावा कपालको जरासम्म पुग्छ, हाम्रो टाउकोको छाला जहाँबाट कपालको जरा सुरु हुन्छ । त्यसमा सुक्खापन तथा पत्र भएको चाया उत्पन्न हुन्छ र त्यो चिलाउन थाल्छ । चायाका पत्र जब हाम्रो काँध र लुगामा खस्छ ।

**चाया पर्ने कारण**

टाउकोमा रहेको बाहिरी छालाका कोष मर्ने र नयाँ पलाउने क्रम चलिरहन्छ । जसले मानिसको टाउकोमा सेतो मसिना फुस्रो दाग तथा कणहरू देखा पर्छन्, जसलाई चाया भनिन्छ । चाया पर्नुको कारण कपालको सफाइमा ध्यान नदिनु पनि हो ।

शरीरमा हुने हर्मोन परिवर्तन र वंशाणुगत गुणले पनि चाया पर्ने हुन्छ । विभिन्न रोग, अखाद्य वस्तुको सेवन तथा कपालमा केमिकलको प्रयोग गर्दा पनि टाउकोमा चाया पर्ने हुन्छ । साथै अत्यधिक तनाव लिने, शारीरिक थकानको काम गर्ने र केही एलर्जीले समेत चाया पर्छ ।

कपालमा तेल धेरै हुँदा पनि चाया पर्छ । फङ्गस, लामो समयसम्म ननुहाउने, घाममा धेरै बस्ने, टाउकोमा धेरै पसिना आउने भएमा, टाउकोलाई गुम्स्याएर राख्दा, चाया परेको व्यक्तिको कपाल कोर्ने ब्रस तथा काइँयो प्रयोग गर्दा पनि चाया पर्छ । कपालमा विभिन्न रसायन तथा विद्युतीय उपकरणको अत्यधिक प्रयोग गर्दा पनि चाया पर्छ ।

**बच्ने उपाय**

कपालमा चाया पर्ने समस्याबाट बच्न नियमित कपालको सरसफाइमा ध्यान दिनुपर्छ । टाउको कम्तीमा हप्तामा तीन पटक नुहाउनुपर्छ । राम्रो खालको स्याम्पुको प्रयोग गनुपर्छ र धेरै स्याम्पु परिवर्तन गर्नु हुँदैन ।

चाया चिल्लोपन बढी भएको ठाउँमा फस्टाउने हुँदा बढी चिल्लो आउने कपालमा तेल हाल्न कम गर्नुपर्छ । चाया परेको बेलामा कपालमा तेल लगाउनै हुँदैन र कपालको सरसफाइमा ध्यान दिनुपर्छ । चायाबाट बच्न अत्यधिक धुलोधुवाँ भएको वातावरणबाट जोगिनुपर्छ । यदि त्यस्तो वातावरणमा हिंड्नैपर्ने भए टाउको तथा शरीर पूरा ढाकिने कपडा लगाउनुपर्छ ।

बजारमा पाइने एन्टी डैन्ड्रफ स्याम्पुले कपाल धुँदा समेत चायाको समस्या धेरै हदसम्म हराउँछ । विश्वासिलो कम्पनीको चायाविरुद्ध उपयोग गरिने स्याम्पु फाइदाजनक हुन सक्छ ।

चाया परेको व्यक्तिले प्रयोग गर्ने काइयो, तौलीया, हेलमेट अरूले प्रयोग गर्नु हुँदैन । यसो गरेमा चाया एकबाट अर्कोमा सर्दै जान्छ । हेलमेट समय सयमा धोइराख्ने गर्दा धेरै फाइदा हुन्छ ।

चायाविरुद्धको स्याम्पु नियमित रूपमा चार-पाँच सातासम्म लगाउँदा पनि समस्या समाधान नभए वा बढ्दै गए छाला रोग विशेषज्ञको सल्लाह लिनु आवश्यक हुन्छ । चायाका कारण चिलाएको ठाउँ रातो देखिन गई त्यहाँको छाला जान थालेको अवस्थामा तुरुन्त अस्पताल गई गरी परीक्षण र उपचार गर्नुपर्छ ।

# राजस्व संकलनमा वृद्धि



काठमाडौँ । चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो चौमासिकको राजस्व सङ्कलन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा करिब १७ प्रतिशतले वृद्धि भएको छ ।

अर्थ मन्त्रालय उच्च व्यवस्थापन समितिको बिहीबारको बैठकमा प्रस्तुत गरिएको विवरण अनुसार गत वर्ष यही अवधिमा रु दुई खर्ब ७६ अर्ब राजस्व सङ्कलन भएको थियो । चालु आवको चार महिनामा रु तीन खर्ब २३ अर्ब २४ करोड राजस्व सङ्कलन भएको छ ।

सरकारले लक्ष्यअनुसार राजस्व उठाउन सकेको भने देखिदैँन । पछिल्लो पाँच वर्षको राजस्व परिचालनको तुलनात्मक अवस्थालाई हेर्दा आव २०७६/७७ मा रु ११ खर्ब १२ अर्ब तीन करोड लक्ष्य रहेकोमा ७१ दशमलव ३८ प्रतिशत प्रगति भएको थियो ।

आव २०७७/७८ मा रु १० खर्ब ११ अर्ब ७६ करोड लक्ष्य रहेकामा ९२.५० प्रतिशत, आव २०७८/७९ मा रु ११ खर्ब ८० अर्ब ६० करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ९०.२४ प्रतिशत, आव २०७९/८० मा रु १४ खर्ब तीन अर्ब १५ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ६८.२३ प्रतिशत र गत आव २०८०/८१ मा रु १४ खर्ब २२ अर्ब ५४ करोड राजस्व सङ्कलनको लक्ष्य रहेकामा ७४.५४ प्रगति भएको थियो ।

चालु आवको वार्षिक राजस्व सङ्कलनको लक्ष्य रु १४ खर्ब १९ अर्ब ३० करोड रहेको मन्त्रालयले जनाउको छ । यो लक्ष्य भनेको गत आवको यथार्थ असुलीको तुलनामा करिब ३४ प्रतिशतको वृद्धि हो ।

यसैमध्ये चालु आवको प्रथम चार महिना (साउन, भदौ, असोज र कात्तिक) मा रु चार खर्ब ६ अर्ब ३७ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा रु तीन खर्ब २३ अर्ब २४ करोड अर्थात् लक्ष्यको करिब ८० प्रतिशत राजस्व सङ्कलन भएको छ । यो गत वर्षको यसै अवधिको राजस्व सङ्कलनको तुलनामा १६.८५ प्रतिशत वृद्धि बढी हो ।

बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्व स्कलनको लक्ष्य प्राप्त गर्न स्रोत र खर्च व्यवस्थापन महत्वपूर्ण रहेको उल्लेख गर्दै करको दायरा विस्तार, बक्यौता असुली, कर प्रशासनको प्रभावकारिता, कर्मचारीको आचारण, अन्तरमन्त्रालय समन्वय, भन्सार विन्दुभन्दा बाहिरका गतिविधि, कर प्रशासनमा सिर्जना गर्न खोजिएका चुनौतीलगायत पक्षलाई ध्यान दिएर अघि बढ्न आवश्यक रहेको बताए । उनले कर सङ्कलन प्रणाली तोड्न (सिस्टम ब्रेक) खोज्नेलाई कानुन बमोजिम हदैसम्मको कारबाही गर्नसमेत निर्देशन दिए ।

अर्थ सचिव डा. रामप्रसाद घिमिरेले राजस्वको लक्ष्य पूरा गर्ने गरी मन्त्रालय अघि बढ्ने बताउँदै राजस्व सङ्कलन रणनीति कार्यान्वयनमा जोड दिए । उनले राजस्वको लक्ष्य प्राप्त गर्न सरोकार भएका सबैले थप मेहनतका साथ अघि बढ्नुपर्ने आवश्यकता औँल्याए ।

अर्थ मन्त्रालयमा प्रवक्ता महेश भट्टराईले विगतको तुलनामा राजस्व सङ्कलन वृद्धि भए पनि चालु आवको लक्ष्य पूरा गर्न कर प्रशासनसँग सम्बन्धित सबै पक्षबिच समन्वय तथा सहयोग जरुरी रहेको जनाउँदै त्यसलाई मन्त्रालयले प्राथमिकता दिएर काम गरिरहेको बताए ।

भन्सार विभागका महानिर्देशक हरिशरण पुडासैनी र आन्तरिक राजस्व विभागका महानिर्देशक रामप्रसाद आचार्यले राजस्व सङ्कलनका क्षेत्रमा देखा परेका अवसर र कमजोरीलाई ख्याल गर्दै राजस्व सङ्कलनको लक्ष्य पूरा गर्न आफूहरूले सक्दो पहल गरिरहेको बताएका थिए ।

# कुखुरामा गम्बोरो रोगको समस्या

चितवन । व्यावसायिक रुपमा पालिएका कुखुरामा गम्बोरो रोगको समस्या देखिएको छ । राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला भरतपुरमा गम्बारो रोगको समस्या लिएर किसानहरु आउनेको संख्या बढेको छ ।

कार्यालयका सूचना अधिकारी इन्दु राय यादवका अनुसार दैनिक १२ देखि १५ वटा कुखुराको परीक्षणका क्रममा ४/५ वटामा गम्बोरो रोगको सङ्क्रमण भेटिने गरेको छ । उनले भने-"यो रोग तीव्र गतिमा सर्ने रोग हो । यसलाई इन्फेक्सियस बर्सल डिजिज भन्ने गरिन्छ ।"

कुखुरामा यो रोग देखिएमा कुखुराहरु झोक्राउने र मर्ने गर्छन् । यस्तै शरीर काप्ने, प्वाँख गुजमुजिए जस्तो हुने, श्वास बढ्ने, दानापानी नखाने, सेतो पहेंलो छेर्ने, ज्वरो आउने लम्पसार पर्ने जस्ता लक्ष्यणहरु देखिने यादवले जानकारी दिए । उनका अनुसार यो रोग लागेमा २ देखि २० प्रतिशत कुराहरु मर्छन् भने कहिलेकाही ६७ प्रतिशतसम्म मर्ने गरेको पाइएको छ ।

रोग लाग्न नदीनका लागि गम्बोरोविरुद्धको खोप लगाउने, जैविक सुरक्षाका विधिहरु अवलम्बन गर्ने, इम्युनिटी पावर बढाउन कुखुरालाई भिटामिन तथा औषधिको प्रयोग गर्ने, ज्वरो कम गर्ने तथा तनाव कम गर्ने औषधिको प्रयोग गर्न सकिने उनले बताए । कतिपय स्थानमा भ्याक्सिन लगाइ सकिएका कुखुरामा समेत यो रोगको सङ्क्रमण देखिएपछि अहिले थप अनुसन्धान विभागले गरिरहेको उनले जनाए ।

यस रोग लाग्न नदिनका लागि खोरमा काम गर्न जानुभन्दा अघि जैविक सुरक्षाका साधनहरुको प्रयोग गर्न जरुरी रहने उनको भनाइ छ ।

कार्यालयमा चालु आर्थिक वर्षको तीन महिनामा नौ सय २३ कुखुरामा रोगको पहिचान गरिएको यादवको भनाइ छ । उनका अनुसार कुखुरामा व्याक्टेरियल इन्फेक्सन (इ.कोलाई), साल्मोनेला रुघाखोकीलगायतको समस्या देखिएका छन् । खोरको सरसफाइ र दानापानीमा राम्रोसँग निगरानी नगर्दा यस्तो रोग लाग्ने गरेको उनको भनाइ छ । यहाँ, चितवनसहित मकवानपुर, नवलपरासी (बर्दघाट सुस्तापूर्व), तनहुँ, लमजुङलगायतका २० जिल्लाबाट पन्छी रोगको अन्वेषणका लागि किसानहरु आउने गर्दछन् ।

वार्षिक रुपमा छ देखि आठ हजार कुखुराको पोष्टमार्टम रगत, श्वास परीक्षण तीन हजारभन्दा बढीको गरिँदै आइएको छ । एक वर्षदेखि रोकिएको कुखुराको पिसिआर परीक्षण यसै वर्षबाट पुनः सञ्चालन गरिने पनि उनले जानकारी दिए । उनले भने-"कोरोनापछि रोकिएको पन्छीको पीसीआर परीक्षण यस वर्षदेखि पुनः सुरु गरिएको छ ।"

# 'फर्मासिष्ट'ले अनिवार्य सेतो 'एप्रोन' लगाउनुपर्ने

काठमाडौँ । आगामी पुस ४ गतेदेखि फर्मासिष्टहरूले सेतो एप्रोन लगाएर मात्र औषधि वितरण गर्नुपर्ने अनिवार्य व्यवस्था लागू गरिएको छ । नेपाल फार्मेसी परिषद्ले एक सूचना जारी गर्दै कुनै पनि सामुदायिक फार्मेसी वा अस्पतालका फार्मेसीमा औषधि वितरकका रूपमा कार्यरत फर्मासिष्ट र फार्मेसी सहायकले औषधि वितरण गर्दा नामसहितको सेतो एप्रोन (बाहिरी पोसाक) अनिवार्य लगाउनुपर्ने व्यवस्था गरेको हो ।

परिषद्का रजिष्ट्रार सञ्जीवकुमार पाण्डेले फर्मासिष्ट र फार्मेसी सहायकले यसको उल्लङ्घन गरेमा परिषद्को आचारसंहिता पालना नगरेको मानेर नियमानुसार कारबाही गरिने बताए । उनले भने-"ड्रेसकोडको पालना भए/नभएको परिषद्बाट नियमित अनुगमन हुनेछ । पालना नभएको अवस्थामा परिषद्को नियमावली, २०५९ अनुसार कारबाही प्रक्रिया अघि बढाइन्छ ।"

परिषद् ऐनको दफा ९ को उपदफा (क) ले दिएको अधिकार प्रयोग गरी फार्मेसी परिषद्ले फर्मासिष्टले हरियो पृष्ठभूमिमा सेतो रङ्गको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर उल्लेख गरिएको ड्रेसकोड लगाउनुपर्ने नियम बनाएको छ । त्यस्तै, फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङ्गको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बरसहितको एप्रोन लगाउनुपर्ने व्यवस्था गरेको हो ।


## Siyari Rural Municipality

**Office ofthe Rural Municipal Executive**

**Harniya , Rupandehi**

## Invitation for Online Bid

First Date of publication: 22-11-2024 (2081/08/07)

1. Siyari Rural Municipality Harnaiya, Rupandehi invites online bids Under E-Procurement system to the bidders for the construction of following works under National Competitive bidding procedure :

| S.N | Contract Identification Number | Description of Work | Bid security amount NRS/ Validity Period | Estimated amount NRS (Exclusive of VAT and Contingencies) | Bid document fee NRs |
|---|---|---|---|---|---|
| 1 | 19/NCB/ WORK/SRM/ 2081-082 | Construction of PCC Roads at Different Locations of Ward No 5 | 70,000.00<br>120 days | 23,05,866.74 | 3,000 |

2. Eligible builders may obtain further information and inspect the bidding document at the office of Siyari rural municipality or may visit PPMO website www.bolpatra.gov.np/egp


# १०८ फिट अग्लो 'हनुमान'को मूर्ति बनाइँदै

खजुरा (बाँके) । नेपालगञ्जमा १०८ फिट अग्लो 'हनुमान'को मूर्ति निर्माण भइरहेको छ । नेपालगञ्ज उप-महानगरपालिकाले १०८ फिट अग्लो हनुमानको मूर्ति बनाइरहेको जनाएको छ ।

मन्दिरको फाउन्डेसन (बेस) र प्लेटफर्मको काम सकिएपछि अहिले मूर्ति निर्माणको काम सुरु गरिएको उप-मानगरपालिकाका इञ्जिनीयर सुरज शर्माले बताए । उनका अनुसार हनुमानको खुट्टा ढलानको काम सम्पन्न भएको छ ।

उप-महानगरपालिका-२ हनुमानगढीस्थित बालदा तलाउमा १०८ फिट अग्लो हनुमानको मूर्ति निर्माण हुन लागेको हो । उप-महानगरपालिकाले जम्बुदिप कन्स्ट्रक्सन प्रालि काठमाडौँलाई दुई वर्षभित्र निर्माणकार्य सम्पन्न गर्ने गरी १७ मार्च २०२३ मा सम्झौता गरेको थियो । मूर्ति निर्माणका लागि भ्याटसहित रु १० करोड ११ लाख ५२ हजार ४९४ मा ठेक्का सम्झौता भएको इञ्जिनीयर शर्माले जानकारी दिए ।

नेपालगञ्जमा धार्मिक पर्यटन प्रवर्द्धन गर्नका लागि ऐतिहसिक हनुमानको मूर्ति बनाउन थालिएको हो । भारतको अयोध्यामा राम मन्दिर बनेपछि राम र हनुमानको सम्बन्धलाई एकाकार गर्दै आयोध्यासँग नेपालगञ्जलाई 'टाइअप' गर्ने उद्देश्यका साथ हनुमानको मूर्ति निर्माण सुरु गरिएको नगर प्रमुख प्रशान्त विष्टले बताए ।

उनले नेपालगञ्जको धार्मिक पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास गर्दै अयोध्यासँगको आध्यात्मिक 'कनेक्सन' मा यो मूर्ति कोशेढुङ्गा सावित हुने जनाए ।

**बुटवल...**

बन्न थालेको फोरलेन सडकको दुवै किनारलाई हरियाली क्षेत्रको रुपमा विकास गर्नेगरी उच्च प्राथमिकतामा राखेर कार्यक्रम प्रस्ताव गरिएको छ ।

मुख्यमन्त्री आचार्यले समस्या भएका क्षेत्रहरुको पहिचान गरेर भू-क्षय नियन्त्रणदेखि पर्यटन विकाससँग जोडिएका क्षेत्रमा पनि लगानी गर्न आग्रह गरेका छन् ।

सडक बिस्तारमा विश्व बैंकले २७ करोड ५० लाख अमेरिकी डलर उपलब्ध गराउने छ । सडक निर्माणको भौतिक काम २०२३ नोभेम्बरमा सुरु भएर २०२६ नोभेम्बरमा सक्ने लक्ष्य छ ।

पहिलो चरणमा बुटवलदेखि कपिलवस्तुको गोरुसिंगेसम्मको ५० किलोमिटरमा काम हुनेछ ।


## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लि.को बिमालेख यही मिति २०८१/०६/३० गते बुटवलदेखि स्याङ्जा जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम** : **सरस्वती सुवेदी**
**ठेगाना** : **तिलोत्तमा-२, रुपन्देही**
**बिमालेख नं.** : **5030000690**
**सम्पर्क** : ९८४७१२३४२२

## २२ औं वार्षिक साधारण सभामा उपस्थित हुने बारे

सूचना प्रकाशित मिति २०८१/०८/०७

यस संस्थाको मिति २०८१ मंसिर ३ गते सोमबार बसेको सल्लाहकार सहित संचालक समितिको बैठकको निर्णय अनुसार २२ औं वार्षिक साधारण सभा निम्न, मिति, स्थान र समयमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरुलाई उपस्थितिको लागि विनम्र अनुरोध छ ।

**कार्यक्रमः**
**मिति** : २०८१ साल पौष १३ गते शनिबार
**समय** : बिहान ११ बजे
**स्थान** : विश्राम बाटिका मणिग्रामचोक
**नोटः**

१) साधारणसभामा भाग लिन आउने शेयर सदस्यहरुको लागि यातायात खर्च र खाजाको व्यवस्था गरिएको छ ।
२) शेयर सदस्यको छोराछोरीबाट +२ मा प्रथम श्रेणी वा द्वाड्ड्यु नएब अंक ल्याई रेगुलर उत्तीर्ण हुने विद्यार्थीलाई सम्मान गरिने कार्यक्रम रहेकाले यही मिति २०८१ मंसिर मसान्तभित्र यस सहकारीको कार्यालयमा विद्यार्थीको मार्कसिट कपी, पीपी साइज एक प्रति फोटो उपलब्ध गराइदिनु अनुरोध छ ।
साथै संस्थाको सदस्यता कार्यविधि २०७८ ७ (क) २६ बमोजिमका उत्कृष्ट बचतकर्ता सदस्य सम्मान, अनुशासित ऋणी सदस्य, अधिक शेयर सदस्य वृद्धि गर्ने सदस्य सम्मान लगायतका विधामा सम्मान गरिने सबैमा जानकारी गराइन्छ ।

**ओम प्रकाश सुनार**
**सचिव**
**विश्वज्योति बचत तथा ऋण सहकारी संस्था लि.**
बुटवल-४, रुपन्देही, फोन नम्बर ०७१-५३०५४४

## Ribdikot Rural Municipality

**Office of the Rural Municipal Executive**

**Khashyauli , Palpa, Lumbini Province, Nepal**

## Invitation For Bids

**Notice no:- 2081/82-06**

First Date of Publication:-2081-08-07 BS

Ribdikot Rural Municipality,Office of the Rural Municipality Executive invites only electrionic bids for the eligible bidders for the following works.

| S.N. | Contract Identification Number | Description of Works | Bid Security Amount | Bid Validity Period | Estimated Amount (with vat ) | Bid Document Fee |
|---|---|---|---|---|---|---|
| 1 | RRM/SQ/ WORKS- 06-81/82 | Supply and delivery of medicine and surgical items of Ribdikot Rural Municipality. | 50000 | 45 Days | 1931995.13 | 1000 |

| | Sealed Quotation |
|---|---|
| Last Date and Time of Bid Purchase | 8/23/2081 10:00 |
| Last Date and Time of Bid Submission | 8/23/2081 12:00 |
| Date, time and place of Bid opening | 8/23/2081 13:00 |
| Bid Security Validity Period | 75 Days |
| Account Number for bid document Purchase | Name of the Bank:- NIC ASIA BANK LTD. (0902050029116002) |
| Account Number for bid security deposit | Name of the Bank:-NIC ASIA BANK LTD (090CA50023041004) |

1. Bidder may download the bidding documents and submit their bids electronically though www.bolpatra.gov.np/egp as specified in the Bid document.
2. If the last date of purchasing, submission and opening falls on a government holiday then next working day shall be considered as the last day.
3. Other mandatory information as per PPA and PPR
4. After the completion of bid evaluation the letter of intent will be published on office website

**Chief Administrative Officer**
**Ribdikot Rural Municipality Office**

## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

दैनिक लुम्बिनी

# बुटवलको पशुवधशालाले खसीबोका किन्न सुरु



बुटवल। बुटवलको पशु बधशाला र विभिन्न सहकारीबिच खसीबोका खरिद बिक्री गर्ने सम्झौता भएको छ। हालै सञ्चालनमा आएको बुटवल अत्याधुनिक वधशालाबिच किसानले उत्पादन गरेका खसीबोका सहकारीमार्फत् वधशाला व्यवस्थापन मुक्तिनाथ लाइभस्टक बैंकले खरिद सुनिश्चिततामा सम्झौता गरेको हो।

बुटवल उप-महानगरपालिका र मुक्तिनाथ लाइभस्टक बैंकको संयुक्त सहकार्यमा बुटवल उप-महानगरपालिका वडा नं. १० रामनगरमा आधुनिक वधशाला सञ्चालनमा आएको छ। वधशालाबाट प्रशोधित मासु स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी चिस्यानसहितको गाडी (चिलिङ् भ्यान) मार्फत् मासु व्यवसायीको पसलसम्म पुर्‍याइने मुक्तिनाथ लाइभस्टक बैंकका अध्यक्ष उमेशकुमार आचार्यले बताए।

किसानले उत्पादन गरेको खसीबोकाको बिक्रीको लागि बजारको सुनिश्चितता र वधशालाको लागि मासुको आपूर्ति व्यवस्थापनको लागि कृषि तथा बहुउद्देश्यीय सहकारी संस्थाबिच दुईपक्षीय समझदारी गरिएको उनले बताए। उनका अनुसार अहिलेसम्म १० वटा सहकारीसँग सम्झौता गरिसकिएको छ भने अरु सहकारीहरुसँग पनि सोहीअनुसार सम्झौता गरिनेछ।

दैनिक १ हजार खसीबोका वध गर्ने क्षमता भएको यो वधशालामा हाल दैनिक २०/२२ वटा खसीबोका वध हुँदै आएको पनि उनले जानकारी गराए। दैनिक २५० देखि ३ सय खसीबोका वध गरी बिक्री वितरण गर्न सकियो भने वार्षिक सरदर २ अर्ब रुपैयाँ किसानले कारोबार गर्ने हुँदा त्यसले ग्रामीण अर्थतन्त्रलाई उकास्न समेत मद्दत पुग्ने उनको दाबी छ।

कार्यक्रममा बुटवल उप-महानगरपालिकाकी सूचना अधिकारी तथा अनुगमन महाशाखा प्रमुख तुलसा अर्यालले २०७० सालदेखि विभिन्न प्रकृया पूरा गरेर अहिले वधशाला सञ्चालनमा आएको बताउँदै नागरिकको स्वच्छ र उपभोगयुक्त मासु उपभोगको सुचिश्चितता प्रदान गर्नुपर्ने बताइन।

त्यस्तै अर्घाखाँचीको शीतगंगामा रहेको गंगाजल कृषि तथा महिला विकास सहकारी संस्थाकी व्यवस्थापक कृष्णा दर्लामीले वधशालासँग भएको यो सम्झौतासँगै किसानले उत्पादन गरेका खसीबोकाको मूल्य र बजारको सुनिश्चितता भएको बताइन।

त्यसैगरी रुपन्देहीको लहर सामाजिक उद्यमी महिला सहकारीकी राधिका चौधरीले गाउँका किसानले बजार र मूल्य नपाएको अवस्थामा यो सम्झौताले किसानलाई आशाको सन्देश दिएको बताइन।

# सेजमा विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण



**मोहम्मद हबिब**

*भैरहवा*

मुलककै पहिलो निर्यातमुखी परियोजनाको रुपमा रहेको भैरहवास्थित विशेष आर्थिक क्षेत्र (सेज) मा हुन सक्ने विपद्लाई मध्यनजर गर्दै विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम गरिएको छ।

हुन सक्ने सम्भावित प्रकोपलाई मध्यनजर गर्दै त्यसको न्यूनीकरण र सर्तकताका लागि सरोकारवाला निकाय सेज प्राधिकरण, प्रशासन, सुरक्षा निकाय, उद्योगका सञ्चालक, प्राविधिक, कर्मचारी तथा मजदुरलगायतको उपस्थितिमा अभिमुखीकरण गरिएको हो।

विशेष आर्थिक क्षेत्र प्राधिकरण नेपालको आयोजनामा आरम्भ कन्सलटेन्सी प्रालि बुटवलको प्राविधिक सहयोगमा सरोकारवाला निकायलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको अवधारण, जलवायु परिवर्तनको बारेमा अवगत गराइको हो। कन्सलटेन्सीका परामर्शदाता विजयसिंह ठकुरीले उद्योगमा भएका उद्योगको प्रारम्भिक निरीक्षण गर्दै उद्योगको विपद् प्रतिकार्यका लागि गरिएको कार्य, त्यसको पूर्व तयारी र प्रतिकार्यका लागि रहेको योजनाको बारेमा तथ्याङ्क लिएको बताए। सोही तथ्याङ्ककै आधारमा कार्ययोजना बनाइने परामर्शदाता ठकुरीले जनाए।

कार्यक्रममा सहभागी ५ दर्जन बढीलाई ३ समूहमा विभाजन गरी सेजमा हाल ९ वटा उद्योग सञ्चालनमा छन् भने २ वटा उद्योग निर्माणाधिन अवस्थामा र एक वटा निर्माण सम्पन्न भई अहिले बन्द अवस्थामा छ। विगतमा सेजमा आगलागीको घटनाबाट प्राकृतिक क्षति पुगेकोले यस क्षेत्र जोखिमको रुपमा रहेको आगलागी, वन्यजन्तुको आक्रमण, दुर्घटना, सरसफाइ, प्रदूषण, जनचेतनाको कमीलगायतले विपद् हुने हुँदा त्यसको न्यूनीकरणको लागि सतर्क हुनुपर्ने सहभागीहरुले बताएका छन्। विपद्बाट बच्नका लागि सेजमा केही तयारीहरु भए पनि प्रतिकार्यको लागि अझैं कामहरु गर्नुपर्ने आवश्यकता रहेको सहभागीहरुले औंल्याए।

सहभागीहरुले सेज पनि समुदाय सरह भएकोले यहाँ भएको प्रशासनिक भवन, उद्योग, सशस्त्र क्याम्प, सडकलगायतका पूर्वाधार, खुल्ला स्थान, आवासीय भवनहरु सुरक्षित बनाउने योजना सेजले बनाएको छ। आपतकालिन अवस्थामा बौद्धिक रुपले काम गर्दै जानु पर्ने भएकोले सबैको सहकार्य हुनपर्ने उनीहरुको भनाइ रहेको थियो।

कार्यक्रममा बोल्दै सेजका प्रमुख तथा सहायक निर्देशक सबुत डुम्रेले विगतमा सेज परिसरभित्र आगालागीका घटना, जनावरको आक्रमणलगायतको घटना भए पनि ठूलो विपद् निम्तिएको नभए पनि विपद् न्यूनीकरणमा लागि हामी सबै सावधान हुनुपर्ने बताए। 'सेज आफैंमा ठूलो क्षेत्र भएकोले यसको जोखिमलाई मध्यनजर गर्दै कमीकमजोरिमा सुधार ल्याउँदै न्यूनतम मापदण्ड बनाउने प्रयासमा हामी लागेका छौं।

गत वर्ष हामीले स्वास्थ्य र सुरक्षासम्बन्धी कार्यक्रम गरेको र यस वर्ष अति महत्वपूर्ण मानिने विषय विपद् व्यवस्थापनसम्बन्धिमा सुरुवात भएको छ, यसलाई निरन्तरता दिँदै अभ्याससहितको कार्यक्रमहरु हुनुपर्ने छ।'-उनले भने।

अभिमुखीकरणले ११ सदस्यीय सेज विपद् व्यवस्थापन समिति समेत गठन गरेको छ। नेतृत्वदायी भूमिका खेल्ने उद्देश्यले विपद्को प्रतिकार्यका लागि समन्वय र सहकार्य गर्न सेजको प्रमुखको संयोजकत्व, सशस्त्र प्रहरीको वेशका प्रमुखको सह-संयोजकत्व र ९ वटा उद्योगका प्रतिनिधिहरु सदस्य रहने गरी ११ सदस्यीय समिति गठन गरिएको छ।

# तीन संस्थाको सहकार्य सम्झौता



बुटवल। पश्चिमाञ्चल पेट्रोलियम डिलर्स एशोसिएसनले बुटवलमा रहेका लुम्बिनी केवलकार लिमिटेड र आधुनिक समाज डेण्टल केयर प्रा.लि. सँग टिकट तथा उपचार सेवामा छुट सुविधासम्बन्धी सम्झौता गरेको छ।

लुम्बिनी केवलकार र एशोसिएसनबिच एशोसिएसनका पदाधिकारी, कार्यसमिति सदस्य र कर्मचारीहरुलाई संस्थाको परिचय पत्रका आधारमा साधारण टिकटमा केवल कारले २० प्रतिशत छुट सुविधा उपलब्ध गराउने सम्झौता भएको छ। यस्तै दुबै संस्थाले होर्डिङ्ग बोर्ड तथा विज्ञापनमार्फत् एक अर्काको व्यवसायिक प्रवर्द्धन गर्ने सम्झौतामा उल्लेख छ। २०८१ साल मंसिर ५ गतेदेखि २ वर्षका लागि गरिएको सम्झौता पत्रमा एशोसिएसनका तर्फबाट अध्यक्ष हिमाल गैरे र लुम्बिनी केवलकारको तर्फबाट अपरेशन म्यानेजर डिल्लीनारायण कायस्थले हस्ताक्षर गरेका छन्।

यस्तै एशोसिएसन र बुटवल ६ मा रहेको आधुनिक समाज डेण्टल केयर प्रा.लि. बिच मुख स्वास्थ्यअन्तर्गत दाँत, मुख र गीजासम्बन्धी उपचारका लागि समाज डेण्टलले पेट्रोल तथा डिलर संस्थाका पदाधिकारी, सदस्य व्यवसायी, कर्मचारी तथा व्यवसायीका एकाघरका परिवारका सदस्यको आधारभूत उपचारमा ३० प्रतिशत छुट उपलब्ध गराउने सम्झौता गरिएको छ। यसका लागि उपचार गराउने व्यक्तिसँग संस्थामा रहेको परिचय खुल्ने कुनै पनि प्रमाण-पत्र वा परिचय पत्रलाई अनिवार्य गरिएको छ।

यसैगरी दन्त उपचारअन्तर्गत कस्मेटिक उपचार गर्नुपरेमा समाज डेण्टलले १० प्रतिशत छुट सेवा उपलब्ध गराउने छ। एशोसिएसनले कुनै पनि कार्यक्रम आयोजना गर्दा दन्त परीक्षण गर्ने उद्देश्य राखेमा समाज डेण्टलले वर्षमा २ वटा कार्यक्रममा निःशुल्क दन्त परीक्षण गर्ने सहमति भएको छ।

हाल मुख क्यान्सर बढ्दै गएको अवस्थामा नागरिकहरुलाई सन्देश प्रवाहित गर्नुपर्ने दुबै संस्थाको सामाजिक उत्तरदायित्व रहेकाले 'क्यान्सरबाट बचौं र बचाऔं' भन्ने सन्देशसहितको स्टीकर समाज डेण्टलले निर्माण गरी हरेक पेट्रोल पम्पको उपयुक्त स्थानमा टाँस्ने गरी भएको सम्झौता पत्रमा एशोसिएसनको तर्फबाट अध्यक्ष हिमाल गैरे र समाज डेण्टलका योजना प्रमुख माधव सापकोटाले हस्ताक्षर गरेका छन्।

# उद्योग व्यापार संघमा करशिक्षा



बुटवल। सरकारले १४औं कर सप्ताह मंसिर १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरी मनाउँदै आएको छ। यही सन्दर्भ पारेर उद्योग व्यापार संघ बुटवलको आयोजना र आन्तरिक राजस्व कार्यालय बुटवलको सहयोगमा कर शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा उद्योगी व्यवसायीले जानेर वा नजानेर कर, भन्सार र राजस्वका सवारमा गरेका र गर्नु पर्ने तौरतरिकाका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको उद्योग व्यापार संघ बुटवलका अध्यक्ष विष्णु पाण्डेले बताए।

उद्योग व्यवसाय गर्दा नियत गलत नहुँदा नहुँदै पनि हिसाब किता राख्न नजान्दा र समयमा कर दाखिला गर्न नसक्दा जरिवाना तिर्नुपर्ने जस्ता घटनाबाट व्यवसायीलाई सजग बनाउन कर शिक्षा कार्यक्रम राखिएको कार्यक्रम संयोजक तथा संघका उपाध्यक्ष पदम जिसीले बताए। कार्यक्रममा आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत अर्जुन पन्थीले उद्योगी व्यवसायीले आफ्नो व्यवसाय गर्दा मूल्य अभिवृद्धि कर भ्याट, पान, खरिद बिक्रीको खाता मेन्टन गर्ने तरिका, मास्केवारी राख्ने र सोको आधारमा आन्तरिक राजस्व कार्यालयमा तिर्नुपर्ने करका तरिकाका बारेमा प्रकाश पारेका थिए।

कार्यक्रममा राजस्व अनुसन्धान कार्यालय बुटवलका अधिकृत दीपेन्द्र श्रेष्ठले ढुवानी गर्दा अपनाउनु पर्ने प्रक्रिया, बार कोण र भिसिटीयसका बारेमा उद्योगी व्यवसायीले भोग्नु परेको समस्याका बारेमा प्रष्ट पारेका थिए। त्यस्तै भैरहवा भन्सार कार्यालयका कर अधिकृत ईश्वर थापामगरले भन्सार कार्यालयले गर्ने कामका बारेमा प्रकाश पारेका थिए। उनले व्यापार सहजीकरण, यात्रु सहजीकरण, सामाजिक सुरक्षा, राजस्व संकलन, अवैध चोरी निकासी पैठारी नियन्त्रण, राजस्व नीति र प्रशासनमा सुधारका लागि केन्द्रमा सुझाव पठाउनेलगायतका विषयको बारेमा प्रकाश पारेका थिए।

कार्यक्रम निकै फलदायी भएको भन्दै व्यवसायीले यस्ता कार्यक्रमलाई निरन्त्रता दिन माग गरेका थिए। कार्यक्रमा उद्योग व्यापार महासंघका महासचिव खिम पराजुली, संघका निवर्तमान अध्यक्ष गोविन्द गैरेलगायतले उद्योगी व्यवसायीले व्यवसायका दौरानमा भोग्नु परेका समस्याका बारेमा प्रकाश पारेका थिए।

# जग्गा भाडामा लिएर कृषि गर्नेलाई अनुदान



गुल्मी। गुल्मीको रुरुक्षेत्र गाउँपालिकाले जग्गा भाडामा लिएर कृषि गर्ने किसानलाई जग्गाको भाडाबापतको रकम तिरिदिने भएको छ।

चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार गाउँपालिकाले भाडामा लिने जग्गाको ५० प्रतिशत अनुदान दिने निर्णय गरेको हो। जग्गाबापतको अनुदान प्राप्त गर्नका लागि किसानले कृषि फर्म दर्ता गरी कम्तीमा पनि १५ रोपनी जग्गा लिएको हुनुपर्ने, भाडामा लिएको जग्गाको कम्तीमा ८० प्रतिशत जग्गामा खेती गरेको हुनुपर्ने, एक वर्ष वा सोभन्दा कम अवधिको बाली लगाउने भए कम्तीमा पाँच वर्ष र बहुवर्षीय खेतीका लागि कम्तीमा १५ वर्षका लागि जग्गा लिएको हुनुपर्ने मापदण्ड गाउँपालिको बनाएको प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बताए।

अनुदान लिन चाहाने किसानले भाडामा अनुदान उपलब्ध गराउनेसम्बन्धी कार्यविधि २०८० को परिच्छेद २ को दफा ५ बमोजिम व्यक्तिगत निवेदन, जग्गाधनी दर्ता प्रमाणपुर्जा, नागरिकताको प्रतिलिपि तथा भाडा सम्झौताको प्रतिलिपि, फर्म दर्ता र कर चुक्ता प्रमाणपत्रसहित पालिकामा आवेदन दिन सकिने उनले बताए।

गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले पालिकालाई कृषिबाटै आत्मनिर्भर बनाउने उद्देश्यले जग्गाको भाडाबापतको अनुदान दिने निर्णय गरिएको जानकारी दिए। "कृषिबाट रोजगारी सिर्जना गर्ने उद्देश्य छ।"-अध्यक्ष ज्ञवालीले भने। अहिले रुरुक्षेत्रका कृषिजन्य सामग्री पाल्पामा बिक्री हुँदै आएका छन्।

# बालअधिकार दिवसमा सहयोग

बुटवल। मानवअधिकार तथा शान्ति समाज रूपन्देही द्वारा ३५औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा मानवसेवा आश्रम लुम्बिनी प्रदेश रुपन्देही तिलोत्तमा सेवा केन्द्रका बालबालिकालाई सहयोग गरेको छ। मानवसेवा आश्रममा आश्रित एक वर्षदेखि १४ वर्षसम्मका १७ जना बालबालिकाको लागि न्यानो कपडा, पठनपाठन तथा खेलकुदका सामग्रीहरु सहयोग हस्तान्तरण गरिएको हो।

कार्यक्रमका प्रमुख अतिथि तिलोत्तमा नगरपालिका नगरप्रमुख रामकृष्ण खाँणले बालबालिकाको लागि खाना, नाना, छाना अनिवार्य अधिकार भएको उल्लेख्य गर्दै आफूहरु त्यसमा निरन्तर रूपमा लागिरहेको बताए।

मानवअधिकार तथा शान्ति समाज रुपन्देही जिल्ला सभापति अर्जुन ज्ञवालीले बालअधिकार एक नैसर्गिक अधिकार र सुनौलो भविष्यको आधार भएको बताउँदै बालबालिकाको संरक्षण, स्याहारसुसार, कल्याण, व्यक्तित्व विकास र सवल नागरिकका रूपमा खडा गर्न राज्य, समाज र परिवारले निर्वाह गर्नुपर्ने दायित्व नै बालअधिकारको केन्द्रविन्दु भएको उल्लेख गरे। उनले बालबालिकासँग सम्बन्धित सबै कार्यमा उनीहरूको सर्वोत्तम हितको लागि राज्यले सदैव प्राथमिकता दिनुपर्नेमा जोड दिए।

मानवसेवा आश्रमका सुपरभाइजर प्रेमबहादुर सारुले मानवअधिकार तथा शान्ति समाज रुपन्देहीले आफ्नो आश्रमलाई सम्झिएर बालबालिकाको लागि सहयोग गरेकोमा आभार व्यक्त गरेका थिए।

मानवअधिकार तथा शान्ति समाज रुपन्देहीका सभापति अर्जुन ज्ञवालीको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति कृष्ण पाण्डे, सहसचिव अर्जुन कुँवरलगायतले आ-आफ्नो भनाइ राखेका थिए।

दाइजो प्रथा निरुत्साहित गरौं।

-चल, अचल सम्पत्ति, दाइजोको रुपमा माग गर्नु हुँदैन।

-लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुँदैन।

-विवाह गरिसकेपछि चल, अचल सम्पत्ति वा दाइजोको माग गर्नु हुँदैन।

-दाइजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यवहार गर्नु हुँदैन।

यस्ता कार्य कानून बमोजिम दण्डनी छन्। यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं।

विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)

यातायात मजदूर संघको भवनमा

फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७

E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी ९८११४२८७३०

रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा

प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com